# प्रेस विज्ञप्ति

## १.आर्थिक सर्वेक्षण २०६६/६७ का विशेषताहरु

- चालु आर्थिक वर्ष २०६६/६७ मा नेपालको आर्थिक वृद्धिदर ३.५ प्रतिशत हुने संशोधित अनुमान छ। गत वर्ष यो वृद्धिदर ४.० प्रतिशत रहेको थियो। मौसमी प्रतिकूलताको कारण खासगरी वर्षे वालीको उत्पादनमा ह्रास आएकोले कृषि उत्पादन वृद्धिदर १.२ मात्र रहने अनुमान छ। त्यस्तै, विभिन्न समयमा हुने भएको बन्द, हडताल, श्रम समस्या, विद्युत आपूर्तिमा कमी तथा बाह्य बजारको संकुचनका कारण गैरकृषि क्षेत्रका आर्थिक क्रियाकलापहरूको विस्तार समेत सोचे जस्तो हुन सकेन। त्यसैले गर्दा लक्ष्य अनुरुप बृद्धिदर प्राप्त गर्न सकिने अवस्था रहन सकेन।
- कृषि उत्पादन सूचकाङ्कको आधारमा आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा खाद्यान्न वालीको उत्पादन ५.८८ प्रतिशतले ह्रास आउने देखिएतापनि तरकारी ७.२ प्रतिशतले, फलफूल २२ प्रतिशतले, मासु २.६६ प्रतिशतले तथा दूध ४.०५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ।
- गैरकृषि क्षेत्रको वृद्धिदर ५.१ प्रतिशत रहेको अनुमान छ। गत वर्षको तुलनामा यस आर्थिक वर्षमा खानी तथा उत्खनन्, उद्योग, विद्युत ग्यास तथा पानी, निर्माण, होटल तथा रेष्टुराँ, वित्तीय मध्यस्थता र घरजग्गा, भाडा तथा व्यावसायिक सेवाहरुमा वृद्धि आएको छ।
- निर्माण क्षेत्रको वृद्धिदर गत आर्थिक वर्षको ०.९ प्रतिशतको तुलनामा यस आर्थिक वर्षमा ६.६ प्रतिशत रहने अनुमान रहेको छ। काठमाडौं उपत्यका तथा अन्य शहरी क्षेत्रहरूमा निजी तथा सार्वजनिक क्षेत्रबाट वासस्थान, आवासीय क्षेत्र तथा कार्यालयहरूको निर्माण कार्य तीब्र गतिमा भएकोले समग्र निर्माण क्षेत्रको वृद्धि सन्तोषजनक रहेको अनुमान छ।
- गत वर्ष रियलस्टेट, भाडा तथा व्यावसायिक सेवाहरूको उत्पादन १.८ प्रतिशतको न्यून वृद्धिदर रहेकोमा चालु आर्थिक वर्षमा ४.९ प्रतिशतले वृद्धि हुने अनुमान छ। आवास परियोजनाहरूको निर्माणमा आएको विस्तारले रियलस्टेट तथा ब्यावसायिक सेवाहरूमा सकारात्मक प्रभाव परेको अनुमान छ। यो क्षेत्रले विगत पाँच वर्षमा ७.० प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने कुल गार्हस्थ्य उत्पादनमा पनि औषत ९.२ प्रतिशत योगदान पुऱ्याएको छ।
- खानी तथा उत्खनन् क्षेत्र अघिल्लो वर्ष ०.७ प्रतिशतले मात्र बढेकोमा चालु आर्थिक वर्ष ४.२ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। यो क्षेत्रले विगत पाँच वर्षमा ४.० प्रतिशतको औषत वृद्धिदर हासिल गरेको देखिन्छ।
- उत्पादन उद्योगको वृद्धिदर गत वर्ष १.० प्रतिशतले ऋणात्मक रहेकोमा यस आर्थिक वर्षमा २.६ प्रतिशतले बढ्ने अनुमान छ। औद्योगिक उत्पादन सूचकांक अनुसार बिस्कुट, फलामे छड, हल्का पेय पदार्थ, नुडल्स जस्ता वस्तुको उत्पादनमा आएको वृद्धिले उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादन बढ्ने अनुमान रहेको छ।
- होटल र रेष्टुरेन्ट क्षेत्रको वृद्धिदर चालु आर्थिक वर्षमा सबैभन्दा उच्च ८.५ प्रतिशत रहने अनुमान छ। गत वर्ष यो क्षेत्रले ३.० प्रतिशतको वृद्धिदर हासिल गरेको थियो। चालु आर्थिक वर्षमा यो क्षेत्रको वृद्धिदर उल्लेख्य रहनुमा विश्वव्यापी वित्तीय सङ्कट तथा आर्थिक मन्दीको प्रभावमा क्रमशः कमी आएको र शान्ति

सुरक्षामा आएको सुधारले पर्यटक आगमनमा वृद्धि भई यो क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर बढ्न गएको अनुमान छ ।

- विद्युत, ग्याँस तथा पानी क्षेत्रको उत्पादन गत वर्ष ०.९ प्रतिशतले ऋणात्मक रहेकोमा यस आर्थिक वर्षमा ०.५ प्रतिशतले वृद्धि हुने अनुमान छ ।
- आर्थिक वर्ष २०६६/६७ मा स्थिर मूल्यमा कुल पुँजी निर्माण रू. २ खर्व २८ अर्व १४ करोड हुने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा यो अंश ३६.९ प्रतिशत हुन आउँदछ । गत वर्ष यस्तो अनुपात ३०.६ प्रतिशत रहेको थिया ।
- सरकारी वित्तको स्थिति संतोषजनक रहेको छ । चालू वर्ष राजस्व परिचालन २४.६ प्रतिशतले बृद्धि हुने अनुमान छ । सरकारी राजस्व र कुल गार्हस्थ्य उत्पादन अनुपात गत आर्थिक वर्षको १४.५ बाट बढेर यस वर्ष १५.१ प्रतिशत पुग्ने अनुमान रहेको छ ।
- कुल तिर्न बाँकी सरकारी ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात गत आर्थिक वर्ष २०६५/६६ को ४०.३ प्रतिशतबाट घटेर चालू आर्थिक वर्षको अन्त्यमा ३२.७ प्रतिशत रहने अनुमान रहेको छ । वैदेशिक ऋण गत वर्षको २५.३ प्रतिशतबाट २३.३ प्रतिशतमा र आन्तरिक ऋण गत वर्षको १२.१ बाट १०.५ प्रतिशतमा सीमित भएको छ । रकमको आधारमा हेर्दा २०६५ फागुन मसान्तमा कुल तिर्न बाँकी सरकारी ऋण रकम रु. ३७० अर्ब ६९ करोड रहेकोमा २०६६ फागुन मसान्तमा यसमा ७.८ प्रतिशतले वृद्धि भई कुल तिर्न बाँकी ऋण रकम रु. ३९९ अर्ब ७५ करोड पुगेको छ ।
- अघिल्लो आर्थिक वर्षको फागुन महिनामा वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको समग्र उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर १३.१ प्रतिशत रहेकोमा यस आर्थिक वर्षको सोही अवधिमा उक्त बृद्धिदर कम भई ११.२ प्रतिशत कायम रहेको छ ।
- आयातमा भएको उल्लेख्य वृद्धि र निर्यातको घट्दो प्रवृत्तिका कारण व्यापार घाटाको आयतन बढ्दै गई चालु आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्ममा शोधनान्तर स्थिति रु. २३ अर्व ५३ करोडले घाटामा रहेको छ । विप्रेषण आप्रवाह बढ्दो रहेतापनि यसको वृद्धिदर भने गत वर्षहरुमा जस्तो रहेन । शोधनान्तर घाटाका कारण विदेशी विनिमय सञ्चितिमा पनि ह्रास आएको छ तापनि आयात धान्न सक्ने क्षमता भने सन्तोषजनक स्तरमा नै रहेको छ ।
- आर्थिक वर्षसम्मको मध्यावधिसम्म देखा परेका बढ्दो व्यापार घाटा, तरलताको समस्या, विप्रेषण दरमा आएको कमी र शोधनान्तर घाटा जस्ता आर्थिक समस्याहरु विद्यमान रहेको भएता पनि समय मै लिइएका आर्थिक तथा मौद्रिक नीतिहरुका कारणवाट ती समस्याको चाप हाल धेरै मत्थर भईसकेको छ ।
- अर्थतन्त्र समग्रमा संतोषजनक रहेको भएतापनि आर्थिक परिसूचकहरुको विश्लेषण गर्दा आर्थिक स्थायित्व कायम गरी समग्र आर्थिक विकासको गति तीब्र पार्ने कार्यमा व्यवधान कायम रहेको छ । अतः सरकारी नीति तथा कार्यक्रमहरु यिनै चुनौतीहरुलाई संबोधन गर्दै अगाडि बढ्नु पर्ने अवस्था रहेको छ ।
- आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनाको अवधिसम्म जर्मन सरकारको सहयोगमा लमजुङ्ग जिल्लामा मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना (७० मेगावाट) को निर्माण कार्य सम्पन्न भई व्यावसायिक उत्पादनसमेत भई राष्ट्रिय प्रसारण लाइनमा जोडिसकिएको छ भने सुदूरपश्चिमको दार्चुला जिल्लामा चमेलिया जलविद्युत् आयोजना (३० मेगावाट) र मकवानपुर जिल्लामा कुलेखानी तेस्रो जलविद्युत् आयोजना (१४ मेगावाट), नुवाकोट/रसुवा जिल्लामा माथिल्लो त्रिशुली “ए” (६० मेगावाट) क्षमताको जलविद्युत

आयोजनाको निर्माण कार्य सुरू भइसकेको छ। माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालाई अगाडि बढाउन स्वदेशी लगानी जुटाउने कार्य सम्पन्न भई आयोजनालाई कम्पनीको रूपमा परिणत गरिसकिएको छ र प्रवेश मार्ग लगायत अन्य निर्माण कार्यहरू सुरू भइसकेको छ।

- गत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०६६/६७ मा विद्युत् उत्पादनमा पनि निजी क्षेत्रको सहभागिता सन्तोषजनक देखिएको छ। यस आर्थिक वर्षमा पातिखोला (०.९९६ मेगावाट) र सेती दोश्रो (०.९७९ मेगावाट) जलविद्युत् आयोजनाहरूको निर्माण सम्पन्न भई यी आयोजनाहरूले विद्युत उत्पादन गरिरहेका छन् भने रिडीखोला (२.४ मेगावाट), माथिल्लो हाँडीखोला (०.९९१ मेगावाट), तल्लो पिलुवाखोला (०.९९ मेगावाट) र माईखोला (२.४ मेगावाट) आयोजना यसै आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण कार्य पूरा भई उत्पादन सुरु हुनेछ। त्यस्तै, गत आर्थिक वर्षमा २१ वटा विभिन्न आयोजनाहरूबाट १ सय २१ मेगावाट विद्युत् शक्ति खरिद गर्ने सम्झौता भइसकेको छ।
- विद्युत् विस्तार गर्ने क्रममा जनसहभागितामा आधारित सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम अन्तर्गत समुदायमा आधारित १ सय ७ संस्थाहरूको सहभागितामा १ लाख ६ हजार घर परिवारहरूमा विद्युत् सेवा पुगीसकेको छ। यस आर्थिक वर्षमा थप ५० हजार घर परिवारमा विद्युत सेवा पुग्ने गरी विद्युतीकरणको कार्य चालु रहेको छ।
- आर्थिक वर्ष २०६६/६७ मा पुष्पलाल लोकमार्गका बांकी खण्डहरु द्रुत गतिमा निर्माण गर्दै आगामी आर्थिक वर्षमा पुरै लोकमार्गमा ट्रयाक खोल्ने कार्य पुरा हुनेछ । त्यसैगरी काठमाण्डौं-निजगढ द्रुतमार्गको १६ किलोमिटर ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ। आगामी आर्थिक वर्षमा बांकी ६० किलोमिटरको ट्रयाक खोलिनेछ। आर्थिक वर्ष २०६६/६७ को फागुनसम्ममा २ सय १० कि.मि. कालोपत्रस्तरमा स्तरोन्नति, ६० कि.मि. खण्डास्मितस्तरमा र १ सय १० कि.मि. नयाँ सडक निर्माण भएको छ। यसरी सडकको कुल लम्बाई २० हजार १ सय ३८ कि.मि. पुगेको अनुमान छ।
- केही वर्ष यता आएर दूरसञ्चार सेवामा संख्यात्मक एवं गुणात्मक वृद्धि भइरहेको छ। मुलुकका ३ हजार ९ सय १५ गाउँ विकास समितिहरूमध्ये ३ हजार ६ सय २४ गाउँ विकास समितिहरूमा टेलिफोन सेवा पुगी २ सय ९१ गाउँ विकास समितिमा सेवा पुग्न बाँकी रहेको छ। चालु आर्थिक वर्षको आठ महिनामा विभिन्न प्रविधिका टेलिफोन १३ लाख ८ हजार ५ सय ५२ लाइन वितरण भई २०६६ फागुन मसान्तसम्म जम्मा टेलिफोन ग्राहक संख्या ७६ लाख १७ हजार ७ सय ६९ पुगी टेलिफोन घनत्व २७.७० प्रतिशत पुगेको छ।
- शैक्षिक सत्र २०६५ मा विद्यालय स्तरमा प्रति शिक्षक विद्यार्थी संख्या ३३.५५ रहेकोमा शैक्षिक सत्र २०६६ मा ३२.८५ रहेको छ। विद्यार्थी संख्यामा प्रत्येक वर्ष हुने बृद्धि भन्दा बढी दरमा शिक्षक संख्या बढाइएको छ।
- सामुदायिक विद्यालयहरूको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रम एवं प्राथमिक शिक्षा सेवाका कार्यहरू स्थानीय निकायमार्फत सञ्चालन हुनेगरी निक्षेपण गर्ने नीति अनुरूप हालसम्म प्राथमिक तहमा ६ हजार ६ सय ४४, निम्नमाध्यमिक तहमा २ हजार १ सय ३६ तथा माध्यमिक तहमा १ हजार ३० गरी आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा जम्मा ९ हजार ८ सय १० विद्यालयहरू समुदायमा जिम्मा दिने कार्य सम्पन्न भइसकेको छ।
- बालविकास तथा विस्तारको सुनिश्चितता अन्तर्गत विशेषतः अत्यन्त पिछडिएका समुदायका बालबालिकाहरूको लागि समुदाय एवं विद्यालयमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम "सबैका लागि

शिक्षा" को लक्ष्य बमोजिम सञ्चालन भइरहेका छन् । आर्थिक वर्ष २०६५/६६ सम्ममा २४ हजार ७ सय ७३ वटा बालविकास केन्द्रहरू स्थापना भइसकेका थिए भने आर्थिक वर्ष २०६६/६७ मा दुई हजार बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा २०६७ बैशाखबाट मात्र कक्षा सञ्चालन हुने कार्यक्रम रहेको छ ।

- नेपालले लिएको सहश्राब्दी विकास लक्ष्यहरू मध्ये बाल तथा मातृ मृत्युदर न्यूनीकरणमा सन्तोषजनक उपलब्धि हासिल भएका छन । सन् १९९६ मा बाल मृत्युदर प्रति हजार जीवित जन्म ४३ रहेकोमा हाल यस्तो मृत्युदरमा उत्साहजनक सुधार आई १४ मा झरेको छ । त्यस्तै सन् १९९० मा ५ सय ३९ प्रतिलाख जन्ममा मातृ मृत्युदरमा उल्लेख्य कमी आई २ सय ८१ जना प्रति लाखमा झरेको रहेको छ ।
- आर्थिक वर्ष २०६६/६७ मा गत आर्थिक वर्षको क्रमागत कार्यक्रमको निरन्तरताका साथै रोल्पा जिल्लाको थवाङ्ग नमुना एकिकृत वस्ती विकास कार्यक्रम सञ्चालनमा रहेका छन भने जनता आवास कार्यक्रम अन्तर्गत सिराहा, सप्तरी र कपिलवस्तुका दलितहरू र विपन्न मुसलमानहरू लाई लक्षित गरी न्यून लागतमा आवास निर्माणगरी बसोवासको व्यवस्था गर्ने, लोकमार्गमा पर्ने वस्ती एवं साना शहरहरूको भौतिक विकास योजना तर्जुमा तथा पूर्वाधार विकास जस्ता कार्य सञ्चालन भइरहेका छन ।
- चालु आर्थिक वर्ष २०६६/६७ मा एक परिवार एक चर्पी कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने सबै खानेपानी आयोजनाहरूमा सरसफाइ कार्यक्रम एकीकृतरुपमा सञ्चालन गर्ने गरी आबद्ध गरिएको छ र चालु आर्थिक वर्षमा देशभर थप १ लाख १० हजार शौचालय निर्माण गर्ने कार्य भइरहेको छ ।
- औद्योगिक विकासलाई अर्थतन्त्रको महत्वपुर्ण आधारस्तम्भको रुपमा लिई नयां औद्योगिक नीति आईसकेको छ । औद्योगिक नीति अनुरुप आवश्यक संस्थागत, कानुनी तथा व्यवहारिक कार्यहरु सम्पन्न गर्न नेपाल सरकार प्रतिवद्ध छ ।
- सडक दुर्घटनाका कारणवाट सडक अवरुद्ध हुने घटनाहरुलाई ध्यानमा राखी तेश्रो पक्ष वीमा कार्यक्रम शुरु गरिएको हुंदा यस प्रकारका घटनाहरुमा उल्लेखनीय कमी आएको छ ।
- मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउधन एवम् स्वतन्त्रताको संरक्षण गर्न र शान्तिसुरक्षाको प्रभावकारी कार्यान्वयनबाट दण्डहिनता अन्त्य तथा मानव अधिकारको रक्षा गर्न चालु आर्थिक वर्षमा विशेष सुरक्षा कार्यक्रम, २०६६ लागु भई सार्वजनिक सेवा तथा सडक अवरोध नियन्त्रण कार्ययोजना २०६६, अपहरण तथा गम्भीर प्रकृतिका अपराध नियन्त्रण कार्यक्रम २०६६, काठमाडौं उपत्यका विशेष सुरक्षा योजना २०६६, तराई तथा पूर्वी र मध्य पश्चिम पहाडी जिल्ला सुरक्षा सुदृढिकरण कार्ययोजना २०६६ र शान्तिसुरक्षा व्यवस्थापन प्रभावकारिताका लागि सचेतता अभियान २०६६ कार्यान्वयनमा ल्याइएका छन् । ती कार्यक्रमहरू लागू भएपश्चात काठमाडौं उपत्यका लगायत देशका मुख्य मुख्य शहरहरू र जिल्ला सदरमुकामहरूमा सुरक्षाकर्मीहरूको सघन परिचालन भई अपराधिक घटनामा कमी आएको छ ।
- नेपालमा समयसमयमा आइपर्ने विपद्ले धेरै धनजनको क्षति हुने र यस्तो विपदमा परेका व्यक्तिहरूको उद्दार, राहत एवम् पुनर्स्थापना जस्ता कार्यक्रमहरूलाई प्रभावकारी ढंगले सञ्चालन गर्नको लागि आर्थिक वर्ष २०६६/६७ मा विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को स्वीकृति, विपद व्यवस्थापन ऐन, २०६६ तर्जुमा गर्ने कार्य अगाडि बढाइनुका साथै गृह मन्त्रालय

अन्तर्गत रहने गरी विपद् व्यवस्थापन कार्यसञ्चालन केन्द्र (Emergency Operation Center) को कार्य अन्तिम चरणमा पुगेको छ ।

- देशमा उत्पादनमूलक रोजगारीको अवस्था कमजोर रहेको, औद्योगिक क्षेत्र संकुचित रहेको, विप्रेषणको स्थितिले पर निर्भरता वढेको, भूमिहिनको समस्या रहेको अवस्थामा विद्यमान गरिबीलाई न्यूनीकरण गर्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिई धनी र गरिब बीचको अन्तरलाई कम गर्दै जानु पर्ने अवस्था छ । मुलुक पुनःसंरचना र रुपान्तरणको बाटोमा अग्रसर भइरहेको वर्तमान अवस्थामा गरीव र विपन्न वर्गका जनताका लागि ठोस कार्यक्रम ल्याई रोजगारी प्रवर्द्धनमार्फत् गरिबी घटाउने तर्फ जोड दिनु आवश्यक छ ।

## २. सार्वजनिक संस्थानहरुको आ.व.२०६६।०६७ को वार्षिक प्रगति समीक्षाका विशेषताहरु

- नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा संचालित ३६ वटा सार्वजनिक संस्थानहरु का साथै आंशिक स्वामित्व रहेका २६ वटा संस्थाहरु, आयमूलक कार्यमा संलग्न सरकारी स्वामित्वका ११ वटा विकास समितिहरु तथा विशेष ऐन बमोजिम स्थापित कर्मचारी सञ्चयकोषको समेत गरी कूल ७४ वटा संस्थाको कार्य सम्पादन समीक्षा गरिएको छ ।
- आर्थिक वर्ष २०६४।०६५ मा ३६ वटा सार्वजनिक संस्थानहरु मध्ये १७ वटाले खूद मुनाफा आर्जन गरेका र १९ वटा संस्थान घाटामा संचालित थिए भने आ.व. २०६५।०६६ मा ३६ वटा सार्वजनिक संस्थान मध्ये १८ वटा नाफामा र १८ वटा संस्थानहरु घाटामा संचालित छन् ।
- आर्थिक वर्ष २०६५।०६६ मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल दूर सञ्चार कम्पनी लिमिटेड, नेपाल स्टक एक्चेन्ज लिमिटेड र राष्ट्रिय बीमा संस्थान गरी जम्मा ४ वटा सार्वजनिक संस्थानहरुबाट रु. ३ अर्व ४७ करोड लाभांश नेपाल सरकारलाई प्राप्त भएको छ जुन कूल शेयर लगानीको ४.०३ प्रतिशत हुन आउँछ । अघिल्लो वर्ष आ.व. ०६४।०६५ मा ४ वटा सार्वजनिक संस्थानहरुबाट नेपाल सरकारलाई रु. १ अर्व ५१ करोड लाभांश प्राप्त भएको थियो ।
- आ.व. २०६४।०६५ मा ३६ वटा संस्थानहरुको समग्र नाफा/नोक्सान विश्लेषण गर्दा कूल मुनाफा रु. ४ अर्व ९४ करोड रहेकोमा आ.व. २०६५।०६६ मा कूल मुनाफामा बृद्धि भै रु. १० अर्व ५५ करोड पुगेको देखिन्छ ।
- आर्थिक वर्ष २०६४।०६५ मा ३६ वटा सरकारी संस्थानहरुको खूद स्थिर सम्पत्ति रु. १२४ अर्व ८९ करोड रहेकोमा आ.व. २०६५।०६६ को अन्त्यमा ती संस्थानहरुको सम्पत्ति रु. ८ अर्व ८५ करोडले बृद्धि भै कूल स्थिर सम्पत्ति रु. १३३ अर्व ७४ करोड पुगेको देखिन्छ ।
- आर्थिक वर्ष २०६४।०६५ ३६ वटा सार्वजनिक संस्थानहरुको कूल शेयरधनी कोष रु. ४८ अर्व ११ करोडको हाराहारीमा रहेकोमा आ.व. ०६५।६६ मा सो बाट बृद्धि भै रु. ६१ अर्व १० करोड पुग्न गएको छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त तथ्यांक अनुसार आ.व. ०६४।०६५ मा सार्वजनिक संस्थानहरुमा सरकारको शेयर लगानी रु. ८१ अर्व ९२ करोड रहेकोमा ०६५।०६६ को अन्त्यमा रु. ८६ अर्व १३ करोड पुग्न गएको छ ।
- आ.व. ०६४।०६५ मा सार्वजनिक संस्थानहरुमा नेपाल सरकारको ऋण लगानी रु. ८३ अर्व ५२ करोड रहेकोमा सो मा रु. ४ अर्व ४८ करोड कमी आई आ.व. ०६५।०६६ को अन्त्यमा रु. ७९ अर्व ४ करोड रहेको देखिन्छ ।

- औद्योगिक क्षेत्रका सात वटै संस्थान घाटामा संचालित छन् । यस क्षेत्रको खूद नोक्सानी रु. ४३ करोड ५९ लाख बाट बृद्धि भै आ.व. २०६५।६६ मा रु. ७० करोड ११ लाख पुगेको छ । कूल वक्यौता ऋण आ.व. २०६५।६६ को अन्त्यमा रु. ३ अर्व ६८ करोड ९४ लाख रहेको छ । यस्तै यस क्षेत्रका ७ वटै संस्थानहरुको कूल शेयरधनी कोष रु. १ अर्व ४१ करोड ७८ लाख ऋणात्मक छ ।
- व्यापारिक क्षेत्रका छ वटा संस्थानहरुको आ.व. २०६४।६५ को खुद नोक्सानको अवस्थाबाट आ.ब. २०६५।६६ मा खुद नाफा रु. ३ अर्व २२ करोड ५६ लाख पुगेको छ । यस क्षेत्रको कुल ऋण रु. १२ अर्व २७ करोड २७ लाख र यस क्षेत्रको शेयरधनी कोष रु. ७ अर्व १४ करोड ८७ लाख ऋणात्मक रहेको छ ।
- सेवा क्षेत्रका सातवटा संस्थानहरुको आ.व. २०६४।६५ को खुद नाफाको अवस्थाबाट आ.ब. २०६५।६६ मा नोक्सान भै रु. ५९ करोड ३४ लाख खुद नोक्सान भएको छ । यस क्षेत्रको शेयरधनी कोष रु. ८ अर्व १ करोड ७९ लाखले धनात्मक रहेको छ ।
- सामाजिक क्षेत्रका पाँचवटा संस्थानले आ.व. २०६५।६६ मा रु. २८ करोड ३२ लाख खुद नोक्सान गरेको छ । यस क्षेत्रका संस्थानहरुको शेयर धनी कोष रु. १ अर्व १८ करोड १२ लाख ले धनात्मक रहेको छ ।
- जनोपयोगी क्षेत्रका तीनवटा संस्थानहरुको आ.व. २०६४।६५ को खुद मुनाफा रु. ७ अर्व १ करोड ६९ लाखबाट ३४.८२ प्रतिशतले घट्न गै आ.व. २०६५।६६ मा रु. ४ अर्व ५७ करोड ३७ लाखमा आएको छ । यस क्षेत्रको शेयरधनी कोष रु. ६१ अर्व २७ करोड ६६ लाखले धनात्मक रहेको छ ।
- वित्तीय क्षेत्रका आठ वटा संस्थानहरुको खूद मुनाफा आ.व. २०६४।६५ मा रु. ३ अर्व ९६ करोड ३१ लाख बाट बृद्धि भै आ.व. २०६५।६६ रु. ४ अर्व ३२ करोड ८७ लाख पुगेको छ । यस क्षेत्रको निक्षेप संकलन आ.ब. २०६४।६५ मा रु. ९३ अर्व ९४ करोड ३१ लाख बाट ११.५५ प्रतिशतले बृद्धि भइ कूल निक्षेप संकलन रु. १ खर्व ४ अर्व ७९ करोड ४१ लाख पुगेको छ । यस क्षेत्रका कूल शेयरधनीकोष रु. ८० करोड ४६ लाखले ऋणात्मक रहेको छ । राष्ट्रिय वाणिज्य बैंकको शेयरधनी कोष रु. १३ अर्व ४७ करोड १७ लाखले ऋणात्मक रहेको कारणले यस क्षेत्रको समग्र शेयर धनी कोष ऋणात्मक देखिन गएको हो ।
- ३६ वटा सार्वजनिक संस्थानहरु मध्ये आर्थिक वर्ष २०६५।६६ सम्म १४ वटाले, आर्थिक वर्ष २०६४।६५ को १५ वटाले, आर्थिक वर्ष २०६३।६४ सम्म को २ वटाले र आर्थिक वर्ष २०६२।६३ सम्म मात्रको २ वटा सार्वजनिक संस्थानहरुले लेखापरीक्षण सम्पन्न गराएका छन् ।
- संस्थानहरुको सञ्चालन तथा व्यवस्थापनमा दक्ष, व्यावसायिक एवं पेशाविदहरुलाई मात्र प्रतिनिधित्व गराउने र संचालक सदस्य संख्या ५ मा सीमित गर्ने नीति अनुरुप अधिकांश संस्थानमा यो व्यवस्था अबलम्बन गरिसकिएको छ । तर ११ वटा संस्थानहरुको सञ्चालक समितिको सदस्य संख्या ऐन/नियमद्वारा नै तोकिएकोले ऐन/नियममा संशोधन गरी सदस्य संख्या ५ मा सीमित गर्ने कार्यले पूर्णता पाउन बाँकी रहेको छ ।
- माथि विश्लेषण गरिएका ३६ वटा सार्वजनिक संस्थानहरुमा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार नेपाल सरकारको शेयर लगानी रु. ८६ अर्व १३ करोड ४८ लाख रहेको छ । उक्त लगानीबाट आर्थिक वर्ष २०६५।६६ मा सरकारले रु. ३ अर्व ४७ करोड १७ लाख लाभांश प्राप्त गरेको छ । शेयर लगानीको अनुपातमा लाभांशको प्रतिशत ४.०३ अत्यन्त नगण्य रहेको छ । त्यस्तै, ऋण लगानीतर्फ आर्थिक वर्ष २०६५।६६ को अन्त्य सम्ममा रु. ७४ अर्व ६० करोड २६ लाख वक्यौता रहेको छ । विगत लामो समय देखि विभिन्न संस्थानहरुमा नेपाल सरकारको शेयर र ऋण लगानी रकम सम्बन्धित

संस्थानहरु र महालेखा नियन्त्रक कार्यालयको हिसावमा फरक परेको पाइएको छ । यसरी लामो समयसम्म हिसाव मिलान नहुँदा भविष्यमा हिसाव मिलान गर्न जटिलता उत्पन्न हुँदै जाने तथा संस्थानहरुको वास्तविक वित्तीय अवस्था समेत यथार्थ चित्रण नहुने भएकोले समयमै हिसाव मिलान गर्नेतर्फ अग्रसर हुन अत्यावश्यक देखिन्छ ।

- ३६ वटा सार्वजनिक संस्थानहरुमा कार्यरत कर्मचारी संख्या आ.ब. २०६४।६५ मा ३४,१७० रहेकोमा आ.ब. २०६५।६६ मा सो बाट घट्न गै कूल कार्यरत कर्मचारी संख्या ३३,६०३ मा आएको छ भने यी सार्वजनिक संस्थानहरुमा कार्यरत कर्मचारीहरुको सरदर प्रति कर्मचारी मासिक खर्च आ.ब. २०६४।६५ र आ.ब. २०६५।६६ मा क्रमशः रु. २१,६७२।- र रु. २७,११०।- रहेको देखिन्छ ।
- सार्वजनिक संस्थानहरु नाफामा जाँदा कर्मचारीहरुमा सुविधा अत्यधिक वृद्धि गर्ने प्रवृत्तिले भविष्यमा संस्थानहरु वित्तीय संकटमा जान सक्ने संभावना रहेकाले यस तर्फ सचेत रहन आवश्यक देखिन्छ । एकातर्फ सरकारी संरक्षणका कारणले संस्थानका कामदार/कर्मचारीहरुमा प्रतिस्पर्धी भावनाको अभाव भई आफ्नो कामप्रति उत्प्रेरित नरहेको अवस्था छ भने अर्कोतर्फ कामदार कर्मचारीहरु बढी सुविधाभोगी भैरहेका छन् । व्यवसायिक स्वतन्त्रतामा अपेक्षित सुधार नआएकोले निर्णय गर्न बाधा पुग्ने अवस्थाबाट सार्वजनिक संस्थानहरु गुज्री रहेकाछन् ।
- सार्वजनिक संस्थानहरुको कोषको व्यवस्था नगरिएको दायित्व आ.व. २०६५।०६६ मा रु. ९ अर्व ५४ करोड ४३ लाख पुगेको छ, जुन गत वर्षको दाँजोमा ९२.५९ प्रतिशतले बृद्धि भएको देखिन्छ । त्यसैगरी आ.ब. २०६५।६६ मा सम्भावित दायित्व रु. १७ अर्व १० करोड ९८ लाख पुग्न गई आ.ब. २०६४।६५ को दाँजोमा ४.५६ प्रतिशतले बृद्धि भएको छ । यसरी साल सालै क्रमशः बृद्धि भै रहेको कोषको व्यवस्था नगरिएको दायित्व तथा सम्भावित दायित्व सम्बन्धित संस्थानको वित्तीय अवस्थाले धान्न नसक्ने भै अन्ततोगत्वा यसको सम्पूर्ण व्ययभार नेपाल सरकारमा पर्न जाने सम्भावना बढदै गइरहेको छ ।

असार २७, २०६७

(जनार्दन त्रिपाठी)
सहायक प्रवक्ता

# समष्टिगत आर्थिक परिसूचकहरू

| **विवरण** | एकाई | **आर्थिक वर्ष** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७[1] |
| **आर्थिक गतिविधि** | | | | | | | | | | |
| *यथार्थ कुल गार्हस्थ्य उत्पादन* *वित्तीय मध्यस्थता सहितको आधारभूत मूल्यमा* | वार्षिक % परिवर्तन | ०.२ | ३.८ | ४.४ | ३.२ | ३.७ | २.८ | ५.८ | ४.० | ३.५ |
| ***कृषि* | वार्षिक % परिवर्तन | ३.१ | ३.३ | ४.७ | ३.५ | १.९ | १.० | ५.८ | ३.० | १.२ |
| ***उद्योग* | वार्षिक % परिवर्तन | ०.७ | ३.१ | १.५ | २.९ | ४.४ | ४.० | १.६ | -०.३ | ३.९ |
| ***सेवा* | वार्षिक % परिवर्तन | -१.८ | ३.७ | ६.८ | ३.३ | ५.६ | ४.५ | ७.३ | ६.३ | ५.५ |
| *यथार्थ कुल गार्हस्थ्य उत्पादन*[२] *(उत्पादकको मूल्यमा)* | वार्षिक % परिवर्तन | ०.१ | ३.९ | ४.७ | ३.५ | ३.४ | ३.४ | ६.१ | ४.९ | ४.६ |
| *प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा)* | वार्षिक % परिवर्तन | -२.० | १.६ | २.५ | १.५ | १.५ | १.४ | ३.८ | १.५ | २.३ |
| *प्रति व्यक्ति कुल राष्ट्रिय आ (स्थिर मूल्यमा)* | वार्षिक % परिवर्तन | -२.५ | १.६ | २.३ | २.१ | १.९ | १.७ | ३.८ | २.९ | २.२ |
| *कुल गार्हस्थ्य उत्पाद (प्रचलित मूल्यमा)* | वार्षिक % परिवर्तन | ४.१ | ७.१ | ९.० | ९.८ | ११.० | ११.३ | १२.१ | २१.५ | १९.३ |
| *कुल राष्ट्रिय आ (प्रचलित मूल्यमा)* | वार्षिक % परिवर्तन | ३.५ | ७.१ | ८.९ | १०.५ | ११.५ | ११.६ | १२.० | २१.८ | १९.१ |
| *कुल राष्ट्रिय खर्चयोग्य आम्दान (प्रचलित मूल्यमा)* | वार्षिक % परिवर्तन | ३.६ | ७.६ | ९.३ | ११.१ | १४.० | १०.१ | १६.५ | २४.५ | १८.१ |
| *प्रतिव्यक्ति कुल गार्हथ्य उत्पाद* | अमेरिकी डलर | २५५ | २६१ | २९३ | ३२८ | ३५० | ३९० | ४६४ | ४६७ | ५६२ |
| *प्रतिव्यक्ति कुल राष्ट्रिय आ* | अमेरिकी डलर | २५४ | २६१ | २९२ | ३२९ | ३५२ | ३९४ | ४६९ | ४७२ | ५६८ |
| *प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग आम्दानी* | अमेरिकी डलर | २९२ | ३०१ | ३३९ | ३८३ | ४२० | ४६४ | ५७३ | ५८९ | ७०३ |
| कुल गार्हस्थ्य उत्पादन *वित्तीय मध्यस्थता सहितक आधारभूत मूल्यमा | रु.अर्ब | ४२७.४० | ४४२.१३ | ४६४.८३ | ४८०.३४ | ४९९.५४ | ५१५.१३ | ५४५.३० | ५६७.६१ | ५८८.५३ |

| विवरण | एकाई | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७ |
| *****कृषि*** | रु.अर्ब | १६२.४० | १६७.८० | १७५.७७ | १८१.९८ | १८५.३६ | १८७.१८ | १९८.०७ | २०४.०३ | २०६.३९ |
| *****उद्योग*** | रु.अर्ब | ७२.२२ | ७४.४५ | ७५.५६ | ७७.७६ | ८१.१५ | ८४.४१ | ८५.७९ | ८५.५६ | ८८.८७ |
| *****सेवा*** | रु.अर्ब | १९२.७८ | १९९.८७ | २१३.५० | २२०.६१ | २३३.०३ | २४३.५४ | २६१.४४ | २७८.०२ | २९३.२७ |
| यथार्थ कुल गार्हस्थ्य उत्पाद *उत्पादकको मूल्यमा | रु.अर्ब | ४४२.०५ | ४५९.४९ | ४८१.०० | ४९७.७४ | ५१४.४९ | ५३२.०४ | ५६४.५२ | ५९१.९३ | ६१९.०३ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) | रु. | १८६८२ | १८९९० | १९४६७ | १९७५४ | २००४३ | २०३३२ | २११०८ | २१४१६ | २१९०५ |
| *प्रति व्यक्ति कुल राष्ट्रिय आ (स्थिर मूल्यमा)* | रु. | १८६५८ | १८९६४ | १९४०६ | १९८०९ | २०१९४ | २०५४० | २१३१३ | २१९२४ | २२४१७ |
| कुल गार्हस्थ्य उत्पाद (उत्पादकको प्रचलित मूल्यमा) | रु.अर्ब | ४५९.४४ | ४९२.२३ | ५३६.७५ | ५८९.४१ | ६५४.०८ | ७२७.८३ | ८१५.६६ | ९९१.३२ | १,१८३ |
| *कुल राष्ट्रिय आ (प्रचलित मूल्यमा)* | रु.अर्ब | ४५८.८ | ४९१.६ | ५३५.१ | ५९१.० | ६५९.० | ७३५.३ | ८२३.६ | १००३.१ | ११९५.१ |
| *कुल राष्ट्रिय खर्चयोग्य आम्दान (प्रचलित मूल्यमा)* | रु.अर्ब | ५२७.० | ५६७.१ | ६२०.० | ६८८.८ | ७८५.२ | ८६४.३ | १००६.४ | १२५२.६ | १४७९.१ |
| *प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन* | रु. | १९४१० | २०३४० | २१६९४ | २३३०० | २५२९० | २७५२५ | ३०१७१ | ३५८६५ | ४१८५१ |
| *प्रतिव्यक्ति कुल राष्ट्रिय आय* | रु. | १९३८५ | २०३१२ | २१६२६ | २३३६५ | २५४८२ | २७८०६ | ३०४६५ | ३६२९० | ४२२९१ |
| *प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग आम्दानी* | रु. | २२२६५ | २३४३३ | २५०५६ | २७२२७ | ३०३५९ | ३२६८४ | ३७२२७ | ४५३१६ | ५२३४० |
| कुल उपभोग/ जि.डि.पी. | प्रतिशत | ९०.५ | ९१.४ | ८८.३ | ८८.४ | ९१.० | ९०.२ | ९०.२ | ९०.३ | ९०.६ |
| कुल गार्हस्थ्य बचत/जि.डि.पी. | प्रतिशत | ९.५ | ८.६ | ११.७ | ११.६ | ९.० | ९.८ | ९.८ | ९.७ | ९.४ |
| कुल राष्ट्रिय बचत/ जि.डि.पी. | प्रतिशत | २४.२ | २३.८ | २७.३ | २८.४ | २९.० | २८.६ | ३३.२ | ३६.१ | ३४.४ |
| कुल स्थिर पुँजी लगानी/जि.डि.पी. | प्रतिशत | १९.६ | १९.९ | २०.३ | १९.९ | २०.७ | २१.१ | २१.९ | २१.३ | २१.३ |
| *सरकारी / जि.डि.पी. | प्रतिशत | ३.७ | २.९ | २.६ | २.७ | २.६ | ३.२ | ३.६ | ३.७ | ४.१ |
| *निजी / जि.डि.पी. | प्रतिशत | १५.५ | १६.३ | १६.३ | १५.७ | १७.२ | १६.९ | १५.७ | १४.७ | १४.६ |
| कुल लगानी/ जि.डि.पी. | प्रतिशत | २०.२ | २१.४ | २४.५ | २६.५ | २६.९ | २८.७ | ३०.३ | ३१.९ | ३८.२ |

| विवरण | एकाई | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७[1] |
| कुल गार्हस्थ्य बचत र कुल लगानी बीचको अन्तर/ जि.डि.पी | प्रतिशत | -१०.८ | -१२.८ | -१२.८ | -१४.९ | -१७.९ | -१८.९ | -२०.५ | -२२.२ | -२८.८ |
| वस्तु तथा सेवाको खुद निर्यात (निर्यात-आयात)/ जि.डि.पी. | प्रतिशत | -१०.९ | -११.३ | -११.१ | -१३.१ | -१४.७ | -१५.२ | -१६.५ | -१८.९ | -२८.४ |
| *आयात/ जि.डि.पी. | प्रतिशत | २८.५ | २८.५ | २९.५ | २९.५ | ३१.३ | ३१.७ | ३३.३ | ३४.६ | ३८.१ |
| *निर्यात/ जि.डि.पी. | प्रतिशत | १७.७ | १५.७ | १६.७ | १४.६ | १३.४ | १२.९ | १२.८ | १२.४ | ९.२ |
| कुल जनसंख्या | करोड | २.३७ | २.४२ | २.४७ | २.५३ | २.५९ | २.६४ | २.७० | २.७६ | २.८३ |
| **मूल्य** | | | | | | | | | | |
| *उपभोक्ता मूल्य सूचकाङ्क* [३] | वार्षिक % परिवर्तन | २.९ | ४.८ | ४ | ४.५ | ८ | ६.४ | ७.७ | १३.२ | १०.७ |
| ***कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क*** [२] | वार्षिक % परिवर्तन | ३.९ | ३.१ | ४ | ५.९ | ६.९ | ७.३ | ५.६ | १५.८ | १४.० |
| * *प्राथमिक क्षेत्र* | वार्षिक % परिवर्तन | ३.६ | ०.७ | २.८ | ३.५ | ४.४ | ६.१ | ३.३ | २०.३ | २०.० |
| * *द्वितीय क्षेत्र* | वार्षिक % परिवर्तन | ४.८ | ४.१ | ५.४ | ५.५ | ३.६ | ५.७ | ११.० | १३.३ | ७.५ |
| * *सेवा क्षेत्र* | वार्षिक % परिवर्तन | ३.८ | ४.७ | ४.५ | ७.८ | ९.९ | ८.३ | ५.३ | १३.६ | ११.९ |
| *थोक मूल्य सूचकाङ्क* [४] | वार्षिक % परिवर्तन | ४.९ | ३.८ | ४.१ | ७.३ | ८.९ | ९.० | ९.१ | १२.८ | १३.३ |
| *तलब तथा ज्यालादर सूचकाङ्क* [५] | वार्षिक % परिवर्तन | | | | | ३.९ | ९.८ | ९.७ | १५.४ | १३.९ |
| **तलब* | वार्षिक % परिवर्तन | | | | | ०.३ | ६.३ | १०.९ | १०.५ | १३.८ |
| **ज्यालादर* | वार्षिक % परिवर्तन | | | | | ५.३ | १०.९ | ९.४ | १६.९ | १४.० |
| **सार्वजनिक वित्त** | | | | | | | | | | |
| *राजस्व* | वार्षिक % परिवर्तन | ३.२ | ११.५ | १०.९ | १२.५ | ३.१ | २१.३ | २२.७ | ३३.३ | २४.६ |
| *कुल सरकारी खर्च* | वार्षिक % परिवर्तन | ०.३ | ४.९ | ६.५ | १४.७ | ८.१ | २०.५ | २०.८ | ३६.१ | २०.९ |
| **चालू खर्च* | वार्षिक % परिवर्तन | ६.६ | ६.६ | ६.६ | ११.० | ८.६ | १५.१ | १८.६ | ३९.७ | २५.१ |

| विवरण | एकाई | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७ |
| **पुँजीगत खर्च* | वार्षिक % परिवर्तन | -१२.५ | -९.८ | ३.३ | १८.४ | ८.१ | ३४.२ | ३४.७ | ३६.६ | १९.४ |
| **साँवा भुक्तानी खर्च* | वार्षिक % परिवर्तन | १३.१ | ४८.६ | १२.९ | २५.४ | ५.४ | १७.४ | -२.२ | १४.९ | -१.९ |
| *ऋण सेवा (साँवा र व्याज भुक्तानी)* | वार्षिक % परिवर्तन | १७.५ | ३२.६ | ७.१ | १३.९ | ३.४ | १२.२ | -०.७ | १८.६ | ५.५ |
| *राजस्व* /जि.डि.पी. | प्रतिशत | ११ | ११.४ | ११.६ | ११.९ | ११.१ | १२.१ | १३.२ | १४.५ | १५.१ |
| **कर राजस्व*/जि.डि.पी. | प्रतिशत | ८.६ | ८.७ | ९.० | ९.२ | ८.८ | ९.८ | १०.४ | ११.८ | १३.३ |
| **गैर-कर राजस्व*/जि.डि.पी. | प्रतिशत | २.४ | २.८ | २.६ | २.७ | २.३ | २.३ | २.८ | २.७ | १.७ |
| *कुल सरकारी खर्च*/जि.डि.पी. | प्रतिशत | १७.४ | १७.१ | १६.७ | १७.४ | १७.० | १८.४ | १९.८ | २२.२ | २२.५ |
| **चालू खर्च*/जि.डि.पी. | प्रतिशत | १०.६ | १०.६ | १०.३ | १०.५ | १०.२ | १०.६ | ११.२ | १२.९ | १३.५ |
| **पुँजीगत खर्च*/जि.डि.पी. | प्रतिशत | ५.४ | ४.५ | ४.३ | ४.६ | ४.५ | ५.५ | ६.६ | ७.४ | ७.४ |
| **साँवा भुक्तानी खर्च* / जि.डि.पी. | प्रतिशत | १.४ | १.९ | २.० | २.३ | २.२ | २.३ | २.० | १.९ | १.६ |
| *ऋण सेवा (साँवा र व्याज भुक्तानी)*/जि.डि.पी. | प्रतिशत | २.७ | ३.३ | ३.२ | ३.४ | ३.१ | ३.१ | २.८ | २.७ | १.६ |
| *वैदेशिक अनुदान*/जि.डि.पी. | प्रतिशत | १.४ | २.३ | २.१ | २.४ | २.१ | २.२ | २.५ | २.७ | ३.४ |
| *बजेट घाटा*/जि.डि.पी. | प्रतिशत | ५.० | ३.३ | २.९ | ३.१ | ३.८ | ४.१ | ४.१ | ५.० | ३.९ |
| *वैदेशिक ऋण*/जि.डि.पी. | प्रतिशत | १.७ | ०.९ | १.४ | १.६ | १.३ | १.४ | १.० | १.० | १.१ |
| *आन्तरिक ऋण*/जि.डि.पी. | प्रतिशत | १.७ | १.८ | १.० | १.५ | १.८ | २.५ | २.५ | १.९ | २.६ |
| *वैदेशिक ऋण र अनुदान*/जि.डि.पी. | प्रतिशत | ३.१ | ३.२ | ३.५ | ४.० | ३.४ | ३.६ | ३.६ | ३.७ | ४.५ |
| *कुल तिर्न बाँकी ऋण* | रु.अर्ब | २९३.८ | ३०८.१ | ३१८.९ | ३०७.२ | ३२८.७ | ३२०.४ | ३६६.० | ३९९.८ | ३८६.८ |
| **तिर्न बाँकी आन्तरिक ऋण* | रु.अर्ब | ७३.६ | ८४.७ | ८६.१ | ८७.६ | ९४.७ | १०३.८ | ११६.० | १२२.८ | १४०.७ |
| **तिर्न बाँकी वैदेशिक ऋण* | रु.अर्ब | २२०.१ | २२३.४ | २३२.८ | २१९.६ | २३४.० | २१६.६ | २५०.० | २७७.० | २४६.० |
| *प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण* | रु. | १२३९५ | १२७३१ | १२९११ | १२१४२ | १२७०८.४ | १२११७.० | १२३३१.३ | १३५०५.० | १३६८६.७ |

| विवरण | एकाई | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७ |
| *कुल तिर्न बाँकी ऋण/ जि.डि.पी.* | प्रतिशत | ६३.९ | ६२.६ | ५९.४ | ५२.१ | ५०.३ | ४४.० | ४४.९ | ४०.३ | ३२.७ |
| **तिर्न बाँकी आन्तरिक ऋण/ जि.डि.पी.* | प्रतिशत | १६.० | १७.२ | १६.० | १४.९ | १४.५ | १४.३ | १४.२ | १२.४ | ११.९ |
| **तिर्न बाँकी वैदेशिक ऋण/ जि.डि.पी.* | प्रतिशत | ४७.९ | ४५.४ | ४३.४ | ३७.३ | ३५.८ | २९.८ | ३०.६ | २७.९ | २०.८ |
| *तिर्न बाँकी वैदेशिक ऋण/ राजस्व* | प्रतिशत | ४३६.४ | ३९७.४ | ३७३.५ | ३१३.२ | ३२३.७ | २४७.० | २३२.३ | १९३.१ | १३७.६ |
| *तिर्न बाँकी वैदेशिक ऋण/निर्यात* | प्रतिशत | ४६८.९ | ४४७.५ | ४३१.८ | ३७४.१ | ३८८.४ | ३६४.८ | ४२१.८ | ४०९.२ | ४०२.५ |
| *ऋण सेवा (सांवा र व्याज भुक्तानी)/चालू खर्च* | प्रतिशत | २५ | ३१.१ | ३१.२ | ३२.० | ३०.५ | २९.७ | २४.९ | २१.१ | १७.८ |
| *तिर्न बाँकी वैदेशिक ऋण/विदेशी विनिमय संचिति* | प्रतिशत | २०७.९ | २०६.४ | १७८.८ | १६९.१ | १४१.८ | १३१.२ | ११७.६ | ९८.९ | ९७.१ |
| **मुद्रा तथा बैंकिङ्ग** | | | | | | | | | | |
| *आन्तरिक कर्जा* | वार्षिक % परिवर्तन | १०.४ | १०.४ | ९.९ | १३.८ | ७.८ | १६.७ | २०.४ | २५.७ | १७.३ |
| **निजी क्षेत्रतर्फ* | वार्षिक % परिवर्तन | ५.२ | १३.२ | १४.३ | १४.२ | १४.४ | १२.३ | २४.३ | २८.३ | १८.३ |
| **सरकारतर्फको खुद कर्जा* | वार्षिक % परिवर्तन | २२.४ | ५.९ | १.८ | ११.३ | १०.४ | १०.४ | ११.२ | २०.४ | १३.७ |
| *बैंकिङ्ग क्षेत्रको कुल कर्जामा निजी क्षेत्रतर्फको कर्जाको अंश* | प्रतिशत | ६५.७ | ६७.४ | ७०.१ | ७०.३ | ७५.५ | ७५.८ | ७७.७ | ७८.८ | ७९.४ |
| *संकुचित मुद्रा प्रदाय (एम$_१$)* | वार्षिक % परिवर्तन | ९.३ | ८.६ | १२.२ | ६.६ | १४.२ | १२.२ | २१.६ | २७.३ | १२.३ |
| **मुद्रा* | वार्षिक % परिवर्तन | १५.२ | २.२ | ११.१ | ८.८ | १३.३ | ७.४ | १९.९ | २५.५ | १८.१ |
| **चल्ती निक्षेप* | वार्षिक % परिवर्तन | -३.५ | २५ | १४.४ | २.२ | १६ | २२.८ | २५ | ३०.५ | २.१ |
| *विस्तृत मुद्रा प्रदाय (एम$_२$)* | वार्षिक % परिवर्तन | ४.४ | ९.८ | १२.८ | ८.३ | १५.६ | १४ | २५.२ | २७.७ | १२.४ |
| **मुद्दती र वचत निक्षेप* | वार्षिक % परिवर्तन | २.१ | १०.४ | १३.१ | ९.२ | १६.४ | १४.९ | २७ | २७.९ | १२.५ |
| *कुल निक्षेप (वाणिज्य बैंकहरुको)* | वार्षिक % | १.४ | १०.३ | १४.७ | ७.७ | १५.८ | १५.३ | २६.० | ३०.४ | ९.६ |

| विवरण | एकाई | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७[1] |
| | परिवर्तन | | | | | | | | | |
| *कुल निक्षेप*/ जि.डि.पी. | प्रतिशत | ४०.० | ४१.२ | ४३.३ | ४२.५ | ४४.३ | ४६.० | ५१.७ | ५५.५ | ५१.० |
| *कुल आन्तरिक कर्जा*/ जि.डि.पी. | प्रतिशत | ४४.२ | ४५.५ | ४५.९ | ४७.५ | ४९.३ | ४९.५ | ५३.६ | ५५.८ | ५४.९ |
| **निजी क्षेत्रतर्फ*/ जि.डि.पी. | प्रतिशत | २९ | ३०.७ | ३२.१ | ३३.४ | ३७.२ | ३७.६ | ४१.७ | ४४.० | ४३.६ |
| **सरकारतर्फको खुद कर्जा*/ जि.डि.पी. | प्रतिशत | १३ | ११.९ | १०.७ | १०.८ | १०.९ | ११.२ | ११.२ | १०.६ | ७.२ |
| *संकुचित मुद्रा प्रदाय*/ जि.डि.पी. | प्रतिशत | १६.८ | १७ | १७.५ | १७ | १७.३ | १७.४ | १८.९ | १९.८ | १८.७ |
| **मुद्रा*/ जि.डि.पी. | प्रतिशत | १२.१ | ११.६ | ११.८ | ११.७ | ११.९ | ११.५ | १२.३ | १२.७ | १२.६ |
| **चल्ती निक्षेप*/ जि.डि.पी. | प्रतिशत | ४.७ | ५.५ | ५.७ | ५.३ | ५.४ | ६.० | ६.६ | ७.१ | ६.१ |
| *विस्तृत मुद्रा प्रदाय*/ जि.डि.पी. | प्रतिशत | ४८.८ | ५० | ५१.७ | ५१ | ५३.० | ५४.३ | ६०.७ | ६३.८ | ६०.२ |
| **मुद्दती र वचत निक्षेप*/ जि.डि.पी. | प्रतिशत | ३२ | ३२.९ | ३४.२ | ३४ | ३५.७ | ३६.९ | ४१.८ | ४४.० | ४१.५ |
| **वाह्य क्षेत्र** | | | | | | | | | | |
| *निर्यात (वस्तु)* | वार्षिक % परिवर्तन | -१५.६ | ६.४ | ८ | ८.९ | २.६ | ०.९ | १२.० | १४.२ | -९.७ |
| *आयात (वस्तु)* | वार्षिक % परिवर्तन | -७.२ | १५.८ | ९.६ | ९.७ | १६.३ | १०.३ | २३.९ | २८.२ | २८.९ |
| *निर्यात/आयात अनुपात* | प्रतिशत | ४३.७ | ४०.२ | ३९.६ | ३९.३ | ३४.७ | ३०.५ | २६.७ | २३.८ | १६.७ |
| व्यापार घाटा | वार्षिक % परिवर्तन | ०.७ | २३.१ | १०.७ | १०.२ | २५.१ | १९.२ | २०.२ | ३३.३ | ४१.० |
| *पर्यटन आय* | वार्षिक % परिवर्तन | -२६.१ | ३५.७ | ५४.५ | -४३.३ | ८.७ | ६ | ८४.२ | ४९.९ | -०.३ |
| *पर्यटन व्यय* | वार्षिक % परिवर्तन | ३.८ | ७.७ | ६२.४ | -३.३ | २३.४ | ३२ | ३२.२ | ५०.५ | ८.० |
| *विप्रेषण आय* | रु. अर्ब | ४७.२२ | ४७.५४ | ५४.२० | ५८.५९ | ६५.५४ | ९७.६९ | १४२.६८ | २०९.७० | २२४.२९ |
| *विप्रेषण आय* | वार्षिक % परिवर्तन | ०.७ | १४ | ८.१ | ११.९ | ४९ | २.५ | ४२.५ | ४७.० | ७.० |
| *चालू खाता सन्तुलन* | रु. अर्ब | १८.१६ | ११.६२ | १४.६० | ११.५५ | १४.२३ | -०.९० | २३.६८ | ४१.४४ | -२७.६० |
| *निर्यात*/ जि.डि.पी. | प्रतिशत | १०.२ | १०.१ | १० | १० | ९.२ | ८.२ | ७.३ | ६.८ | ५.२ |

| विवरण | एकाई | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७[१] |
| *आयात/* जि.डि.पी. | प्रतिशत | २३.४ | २५.३ | २५.४ | २५.४ | २६.६ | २६.८ | २७.२ | २८.७ | ३१.० |
| *व्यापार घाटा/* जि.डि.पी. | प्रतिशत | -१३.२ | -१५.१ | -१५.३ | -१५.४ | -१७.४ | -१८.६ | -१९.९ | -२१.९ | -२५.८ |
| *पर्यटन आय/* जि.डि.पी. | प्रतिशत | १.९ | २.४ | ३.४ | १.८ | १.५ | १.४ | २.३ | २.८ | २.४ |
| *पर्यटन व्यय/* जि.डि.पी. | प्रतिशत | १.२ | १.३ | १.९ | १.६ | १.८ | २.२ | २.६ | ३.२ | २.९ |
| *विप्रेषण आय/* जि.डि.पी. | प्रतिशत | १०.३ | ११ | १०.९ | ११.१ | १४.९ | १३.८ | १७.५ | २१.२ | १९.० |
| *चालू खाता सन्तुलन/* जि.डि.पी | प्रतिशत | ४ | २.४ | २.७ | २ | २.२ | -०.१ | २.९ | ४.२ | -२.३ |
| *शोधनान्तर वचत* | रु. अर्ब | -३.३४ | ४.३६ | १६.०१ | ५.७४ | २५.६० | ५.९० | २९.६८ | ४१.२८ | -१९.५७ |
| *विदेशी विनिमय संचिति* | रु. अर्ब | १०५.९० | १०८.२३ | १३०.२१ | १२९.९० | १६५.०३ | १६५.१३ | २१२.६२ | २७९.९९ | २५३.३६ |
| *विदेशी विनिमय संचिति* | वार्षिक % परिवर्तन | ०.७ | २.२ | २०.३ | -०.२ | २७ | ०.१ | २८.८ | ३१.७ | -९.५ |
| *संचितिको आयात धान्ने क्षमता*<br>**वस्तु आयात* | महिनाको आयात वरावर | ११.६ | १०.४ | ११.५ | १०.४ | ११.४ | १०.२ | ११.५ | ११.८ | ८.४ |
| **वस्तु तथा सेवा आयात* | महिना आयात वरावर | ९.८ | ९ | ९.७ | ८.८ | ९.६ | ८.४ | ९.३ | ९.७ | ७.३ |
| *विदेशी विनिमय दर* [६] | १ अमेरिकी डलर.= रु. | ७६.८८ | ७७.७९ | ७३.७९ | ७२.०६ | ७२.३२ | ७०.४९ | ६५.०२ | ७६.८८ | ७४.१९ |

[१] *वार्षिक प्रारम्भिक अनुमान (प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित);* [२] *आधार वर्ष २०५७/५८=१००;* [३] *आधार वर्ष २०५२/५३=१००;*

[४] *आधार वर्ष २०५६/५७=१००;* [५] *आधार वर्ष २०६१/६२=१००;* [६] *खरिद र विक्री दरको वार्षिक औसत, चालु आर्थिक वर्षको जेठ महिनासम्मको औषत*

**टिप्पणी : जि.डि.पी.**सँगको अनुपात हिसाव गर्दा उत्पादकको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ । कतिपय पुराना तथ्याङ्कहरु समेत स्रोतबाटै संशोधन भई आएकोले सोही अनुरुप परिमार्जन गरिएको छ ।